# अवसर कक्षाहरू र चयनात्मक उच्च माध्यमिक विद्यालयहरू

## अभिभावक तथा हेरचाहकर्ताहरुका लागि जानकारी

### अवसर कक्षाहरू के हुन् ?

अवसर कक्षा (opportunity class) हरू कक्षावर्ष ५ र ६ का बौद्धिकरूपमा प्रतिभाशाली र उच्च क्षमता भएका विद्यार्थीहरूको लागि हुन्। एन.एस.डब्ल्यू. भरि अवसर कक्षाहरू (भर्चुअल अवसर कक्षाहरू समेत गरेर) चलाउने ८७ वटा विद्यालयहरू छन् जुन सार्वजनिक शिक्षा प्रणालीको भाग हुन्।

### चयनात्मक उच्च माध्यमिक विद्यालयहरू के हुन्?

चयनात्मक उच्च माध्यमिक विद्यालय (selective high school) हरूले कक्षावर्ष ७ देखि १२ सम्मका बौद्धिकरूपमा प्रतिभाशाली र उच्च क्षमता भएका उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूको लागि हुन्। यहाँ १७ वटा पूर्ण चयनात्मक विद्यालयहरू, २६ वटा आंशिक चयनात्मक उच्च विद्यालयहरू, ४ वटा चयनात्मक उच्च कृषि विद्यालयहरू (केही बोर्डिङ सुविधाहरू भएका समेत) र एक भर्चुअल चयनात्मक उच्च विद्यालय छन्।

### अवसर कक्षामा वा चयनात्मक उच्च माध्यमिक विद्यालयमा पढ्दा के-के फाइदाहरू हुन्छन्?

अनुसन्धानले उच्च क्षमता भएका तथा प्रतिभाशाली विद्यार्थीहरूको अध्ययन तथा सुस्वास्थ्यसम्बन्धि विशेष आवश्यकताहरू हुन्छ भन्ने देखाउँछ। अवसर कक्षाहरू अथवा चयनात्मक उच्च माध्यमिक विद्यालयहरूमा पठ्नपाठनलाई उस्तै क्षमता भएका बालबालिकाहरूकोलागि उचित स्तरको चुनौती प्रदान गर्ने गरी  डिजाइन गरिएको छ। धेरै उच्च क्षमता भएका तथा प्रतिभाशाली विद्यार्थीहरूले उनीहरू सरह क्षमता भएका सहपाठीहरूसँगको समूहमा राख्दा आत्मीयता र समझदारीको अनुभूती बढेको महसूस गरे।

### मैले कसरी मेरो बच्चा उच्च क्षमता भएको वा प्रतिभाशाली छ भनेर कसरी थाहा पाउन सक्छु?

उच्च क्षमता भएका वा प्रतिभाशाली बालबालिकाहरूले निम्न व्यवहार देखाउने गर्दछन्:

- धेरै नै जिज्ञासु हन्छन्
- छिटो र सजिलैसँग नयाँ विचारहरू वा कौशलताहरू सिक्छन्
- राम्रो स्मरणशक्ति भ्एका हुन्छन्
- जटिल प्रश्नहरू सोध्ने गर्दछन्
- सिर्जनात्मक हुन्छन्
- जटिल तरिकामा सोच्नु पर्दा रमाइलो मान्दछन्
- नयाँ कुराहरू सिक्दा थोरै पटक मात्र दोहोर्याउनु पर्दछ
- उनीहरूको चासो वा उत्साह भएको क्षेत्रमा अत्याधिक केन्द्रित हुन्छन्।

यदि तपाईंले आफ्नो बच्चामा यीमध्ये धेरै गुणहरू देखुहुन्छ भने तपाईंलाई आवेदन हाल्नेबारे विचार गर्न सल्लाह दिन्छौं।

## विद्यार्थीहरूले कसरी यसमा प्रवेश पाउन सक्छन्?

विद्यार्थीहरूले एउटा नि:शुल्क प्लेसमेन्ट परीक्षा (placement test) दिनुपर्दछ।

अवसर कक्षाको प्लेसमेन्ट परीक्षाले तीन वटा विषयवस्तुलाई समेट्दछ:

- पठन (reading)
- गणितिय तर्क (mathematical reasoning)
- सोच्ने क्षमता (thinking skills)।

चयनात्मक उच्च माध्यमिक विद्यालयको प्लेसमेन्ट परीक्षाले तीन वटा विषयवस्तुलाई समेट्दछ:

- पठन (reading)
- गणितिय तर्क (mathematical reasoning)
- सोच्ने क्षमता (thinking skills)
- लेखन (writing)।

## इक्विटी प्लेसमेन्ट

विभागले न्यून-प्रतिनिधित्व भएका समूहहरूका उच्च क्षमता भएका र प्रतिभाशाली विद्यार्थीहरूको प्रतिनिधित्व बढाउन इक्विटी प्लेसमेन्ट मोडेल लागू गरेको छ। यस मोडेल अन्तर्गत उपलब्ध स्थानहरूको केही प्रतिशत निम्न समूहका विद्यार्थीहरूका लागि छुट्याइएको हुन्छ:

- समाजिक तथा शैक्षिकरूपमा पिछ्डिएका समुदायहरूका विद्यार्थीहरू
- एबोरिजिनल विद्यार्थीहरू
- ग्रामीण तथा दुर्गम क्षेत्रमा रहेका विद्यार्थीहरू
- अशक्तता भएका विद्यार्थीहरू।

इक्विटी प्लेसमेन्टका लागि छुट्टै आवेदन प्रक्रिया छैन। प्रत्येक इक्विटी समूहका विद्यार्थीहरूलाई आवेदन फारममा भएको तथ्यांक र विभागसँग भएका अन्य तथ्यांक प्रयोग गरेर पहिचान गरिनेछ। थप जानकारीका लागि निम्न लिङ्कमा जानुहोस्: https://education.nsw.gov.au/schooling/parents-and-carers/choosing-a-school-setting/selective-high-schools/fair-access

## के विद्यार्थीहरूले यस परीक्षाको लागि अभ्यास गर्नु आवश्यक हुन्छ?

यस प्लेसमेन्ट परीक्षाले रटाएर सिकाउन सकिने सीपहरू भएका विद्यार्थीहरूभन्दा पनि असाधारण समालोचनात्मक क्षमता भएका विद्यार्थीहरूको पहिचान गर्दछ। विद्यार्थीहरूले आफूलाई परीक्षाको ढाँचाको बारेमा थाहा भएको सुनिश्चित गर्न शिक्षा विभागको वेबसाईटमा भएका अगाडिका प्लेसमेन्ट परीक्षाहरूको प्रश्नपत्र हेर्नुपर्छ। यस परीक्षाको लागि व्यापक तयारी प्रशिक्षण गराउनाले कुनै फरक पार्छ भन्ने कुनै भरपर्दो प्रमाण छैन भन्नेप्रति अभिभावकहरू सजग हुनु आवश्यक छ।

तपाईंले तलको लिङ्कमा गएर अगाडि भएका अवसर कक्षाको प्लेसमेन्ट परीक्षाहरूको बारेमा हेर्न सक्नुहुन्छ: https://education.nsw.gov.au/schooling/parents-and-carers/choosing-a-school-setting/selective-high-schools/placement-test/opportunity-class-practice-tests

तपाईंले तलको लिङ्कमा गएर अगाडि भएका चयनात्मक उच्च माध्यमिक विद्यालयको प्लेसमेन्ट परीक्षाहरूको बारेमा हेर्न सक्नुहुन्छ: https://education.nsw.gov.au/schooling/parents-and-carers/choosing-a-school-setting/selective-high-schools/placement-test/selective-high-school-practice-tests

## कसले आवेदन दिनसक्छ?

- एन.एस.डब्ल्यू. का सरकारी तथा गैर-सरकारी प्राथमिक विद्यालयहरूका विद्यार्थीहरूले प्रवेश पाउनको लागि आवेदन दिन सक्छन्।
- अवसर कक्षामा भर्ना पाउन विद्यार्थीहरू अष्ट्रेलिया वा न्युजिल्याण्डका नागरिक अथवा अस्ट्रेलियाको स्थायी बासिन्दा हुनुपर्नेछ।
- अन्य राज्य तथा विदेशमा भएका विद्यार्थीहरूले पनि यदि भर्ना गर्नुपर्ने समयमा उनीहरूको परिवार एन.एस.डब्ल्यू. मा बसिरहेको हुने र उनीहरूको विद्यालयको अध्ययनभरि एन.एस.डब्ल्यू. मै बस्ने योजना भएको खण्डमा आवेदन हाल्न सक्नेछन्।
- स्थायी बसोबासका लागि आवेदन हालिसकेका र गृह मामिला विभाग (Department of Home Affairs) बाट प्लेसमेन्ट परीक्षाको नतिजा आउनु अगाडिनै स्थायी बसोबासको अनुमति प्राप्त गरिसक्ने यथोचित प्रत्याशा पाएका परिवारहरू पनि आवेदन दिन योग्य रहनेछन्।

## आवेदन कहिले खुल्छ?

आवेदनहरू अवसर कक्षाको लागि वर्ष ४ मा र चयनात्मक उच्च माध्यमिक विद्यालयका लागि वर्ष ५ मा खुल्ला हुनेछन्। आवेदनको लागि महत्वपूर्ण मितिहरू र अन्य जानकारी विभागको वेबसाइटमा उपलब्ध छ। https://education.nsw.gov.au/schooling/parents-and-carers/choosing-a-school-setting/selective-high-schools/application-process

## मैले कसरी आफ्नो बच्चाको लागि आवेदन दिन सक्छु?

- सबै आवेदनहरू अनलाइन निम्न लिङ्कमा गएर पूरा भर्नुपर्नेछ: https://shsoc.education.nsw.gov.au/
- आवेदन अँग्रजी भाषामा भर्नु पर्नेछ।
- अभिभावकहरूले अवसर कक्षाको लागि दुई वटा र चयनात्मक उच्च माध्यमिक विद्यालयको लागि तीन वटासम्म विद्यालयहरूको मनोनयन गर्न सक्नेछन्। उनीहरूले आफ्नो रोजाईहरूलाई आवेदन फारममा आफूले ईच्छाएको क्रममा सूचीबद्ध गर्नुपर्छ। यदि विद्यार्थी एकभन्दा बढी विद्यालयको लागि योग्य भएमा, उनीहरूको पहिलो रोजाईको विद्यालयमा मात्र प्रवेश दिइनेछ।
- अनलाईन आवेदन भर्नबाट रोक्नेखाले अशक्तता भएका अभिभावकहरूले सहायताको लागि उच्च प्रदर्शन गर्ने विद्यार्थीहरूको टोली (High Performing Students Team) सँग 1300 880 367 मा सम्पर्क गर्नुपर्नेछ।
- आवेदन बुझाउन वा प्लेसमेन्ट परीक्षामा बस्न कुनै शुल्क लाग्ने छैन ।

## अवसर कक्षाहरू र चयनात्मक उच्च माध्यमिक विद्यालयहरू कहाँ छन्?

अवसर कक्षाहरू तलको वेबसाईटमा सूचीकृत एन.एस.डब्ल्यू. राज्यभरिका सरकारी विद्यालयहरूमा उपलब्ध छन्: https://education.nsw.gov.au/schooling/parents-and-carers/choosing-a-school-setting/selective-high-schools/choosing-a-school/opportunity-classes#findoc

चयनात्मक उच्च विद्यालयहरू तलको वेबसाईटमा सूचीकृत एन.एस.डब्ल्यू. का सरकारी विद्यालयहरू हुन्: https://education.nsw.gov.au/schooling/parents-and-carers/choosing-a-school-setting/selective-high-schools/choosing-a-school/selective-high-schools#findshs

## भर्चुअल अवसर कक्षाहरू र भर्चुअल चयनात्मक उच्च विद्यालय

यदि तपाईं ग्रामीण वा दुर्गम क्षेत्रमा अवस्थित हुनुहुन्छ भने, तपाईंको बच्चा Aurora College मा स्थानको लागि आवेदन दिन योग्य हुन सक्छन्। यस सरकारी विद्यालयमा भर्चुअल अवसर कक्षा र भर्चुअल चयनात्मक उच्च माध्यमिक विद्यालय छ।

विद्यार्थीहरूले आफ्नो स्थानीय सार्वजनिक स्कूलमा जान्छन् र अनलाइन कन्फरेन्स प्रणालीको प्रयोग गरेर अवसर कक्षा वा चयनात्मक उच्च माध्यामिक विद्यालयका कक्षाहरूमा सहभागी हुन्छन्।

अवसर कक्षा भएका विद्यालयहरूका, वा उपलब्ध अवसर कक्षाहरू र चयनात्मक उच्च माध्यमिक विद्यालयहरूले समेट्ने क्षेत्रमा रहेका विद्यालयहरूका विद्यार्थीहरूले Aurora College मा प्रवेशको लागि आवेदन दिन अयोग्य हुनेछन्।

## मैले कहाँबाट थप जानकारी प्राप्त गर्न सक्छु?

- तलको वेबसाइटमा उपलब्ध आवेदनसँग सम्बन्धित जानकारी पढ्नुहोस्:
  https://education.nsw.gov.au/schooling/parents-and-carers/choosing-a-school-setting/selective-high-schools
- High Performing Students Team लाई सम्पर्क गर्नुहोस्।
  ईमेल: ssu@det.nsw.edu.au
  टेलिफोन: 1300 880 367
- SHS Facebook: https://www.facebook.com/groups/772251106301086/
- OC Facebook: https://www.facebook.com/groups/159342048077050/

## टेलिफोन दोभाषे सेवा

यदि तपाईंलाई आफ्नो सोधपुछमा सहयोग गर्न एक दोभाषेको आवश्यकता पर्छ भने कृपया टेलिफोन दोभाषे सेवालाई 131 450 मा फोन गर्नुहोस्। अपरेटरलाई तपाईंलाई चाहिएको भाषा र तपाईंले कुरा गर्न चाहेको फोन नम्बर बताउनुहोस्। अपरेटरले उक्त नम्बरमा फोन गर्नेछन् र तपाईंलाई वार्तालापमा सहायता गर्न एकजना दोभाषेलाई लाईनमा उपलब्ध गराउनेछन्। तपाईंलाई यो सेवाको लागि कुनै शुल्क लाग्ने छैन।